# होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पुर्वाधार विकास कार्यसञ्चालन कार्यविधि, २०७६

**<u>प्रस्तावना:</u>** सामुदायिक होमस्टेहरुमा पर्यटकीय पूर्वाधार विकास गर्दै ग्रामिण क्षेत्रमा प्राकृतिक तथा साँस्कृतिक आकर्षणहरु एवं रहनसहन, रीतिरिवाज र आतिथ्यलाई आन्तरिक तथा बाह्य पर्यटकहरुसम्म पुऱ्याई ग्रामिण एवम् स्थानीय उत्पादनमा जोड दिदैं आयआर्जन र रोजगारीमा अभिवृद्धि गर्न होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पूर्वाधार विकास कार्यलाई सरल, व्यवस्थित पारदर्शी र प्रभावकारी रुपमा सञ्चालन गर्न वाञ्छनीय भएकोले प्रदेश सरकार प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस कार्यविधिको नाम "होमस्टे क्षमता अभिवृद्धि, सशक्तीकरण तथा पूर्वाधार विकास कार्य सञ्चालन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "एकल परियोजना" भन्नाले एउटा मात्र सामुदायिक होमस्टेले आफ्नो क्षेत्र भित्र क्षमता अभिवृद्धि र सशक्तिकरण कार्यक्रम सञ्चालन गर्ने तथा पूर्वाधार विकास गर्न कार्यान्वयन गरिने योजना सम्झनु पर्छ ।

(ख) "परियोजना" भन्नाले होमस्टे सञ्चालन गर्ने समुदायमा होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पूर्वाधार विकास वा सञ्चालन गर्न यस कार्यविधि बमोजिम कार्यान्वयन गरिने योजना सम्झनु पर्छ ।

(ग) "पूर्वाधार विकास" भन्नाले होमस्टे सम्वन्धि नयाँ भौतिक संरचना निर्माण, मर्मत संभार, विस्तार तथा पुनर्स्थापना गर्ने कार्य जस्ता कार्य सम्झनु पर्छ ।

(घ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश सम्झनु पर्छ ।

(ङ) "युवा" भन्नाले १८ वर्ष देखि ४० वर्ष उमेर समूहको व्यक्ति सम्झनु पर्छ ।

(च) "स्थानीय तह" भन्नाले होमस्टे सञ्चालन हुने सम्वन्धित स्थानीय तह सम्झनु पर्छ ।

(छ) "समिति" भन्नाले होमस्टे व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ को दफा ७ बमोजिम गठन भएको होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति सम्झनु पर्छ ।

(ज) "सामाजिक परीक्षण" भन्नाले सम्वन्धित निर्माण/सञ्चालक समितिका पदाधिकारीहरु, समुदायमा बसोबास गर्ने प्रतिष्ठित व्यक्तिहरु, समुदायमा रहेका सरकारी/गैह्सरकारी संस्थाका प्रतिनिधिहरु सामुदायिक संस्थाहरुका प्रतिनिधिहरु, वार्ड तथा पालिकाका प्रतिनिधिहरु समेतको भेलाले परियोजनाको कार्यान्वयन प्रक्रिया, उपलब्धि तथा आय व्यय सम्वन्धि विषयमा यथार्थ विवरण सहित गरिएको लिखित विवरण सम्झनुपर्छ ।

(झ) "होमस्टे" भन्नाले पर्यटकलाई स्थानीय परिवेशमा आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले सामुहिक रुपमा सञ्चालन गरिएको सामुदायिक घरवास सेवा सम्झनुपर्छ ।

(ञ) "होमस्टे पर्यटन विकास" भन्नाले होमस्टे क्षेत्र भित्र वा वरिपरी रहेका प्राकृतिक, साँस्कृतिक, पुरातात्त्विक, वातावरणीय महत्वका मौलिक श्रोतहरुको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्दै सो मार्फत ग्रामिण पर्यटन विकास र स्थानीय समुदायहरुको आयआर्जनमा वृद्धि र जिविकोपार्जनमा सुधार गर्ने कार्यलाई सम्झनु पर्छ ।

(ट) "होमस्टेमा क्षमता अभिवृद्धि तथा सशक्तिकरण" भन्नाले होमस्टे सञ्चालक वा सदस्यहरुको क्षमता अभिवृद्धिको लागि दिइने तालिम, कार्यशाला गोष्ठी, अध्ययन भ्रमण, जनचेतना र्‍याली तथा आर्थिक/सामाजिक सशक्तिकरण गराउने खालका थप आय आर्जन गराउने कार्यक्रमहरु समेतलाई जनाउछ ।

३. <u>प्रस्ताव आव्हान गर्ने:</u> (१) होमस्टे क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पुर्वाधार विकासका लागि मन्त्रालयमा विनियोजित रकमको परिधिभित्र रही मन्त्रालयले रकमको बाँडफाँड गरी परियोजना प्रस्तावका लागि सार्वजनिक रुपमा सूचना प्रकाशन गरी प्रस्ताव आव्हान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशन गर्दा मन्त्रालयले उपलब्ध गराउने अनुदान रकम र होमस्टेको संख्या तोकि सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको सूचना नेपाली भाषामा राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गर्ने तथा स्थानीय रेडियोमा समेत प्रसारण गर्न सकिनेछ र मन्त्रालयको वेबसाइटमा समेत राखिनेछ ।

(४) प्रस्ताव आव्हान गर्दा कम्तिमा १५ दिनको प्रस्ताव पेश गर्ने म्याद दिईनेछ तर मन्त्रालयले सोही आर्थिक वर्षमा पुनः प्रस्ताव आव्हान गर्नु परेमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्न सक्नेछ ।

४. <u>प्रस्ताव पेश गर्ने:</u> (१ परियोजनाको प्रस्ताव पेश गर्दा संलग्न हुने सबै होमस्टेहरुका सदस्यहरुको सर्वसम्मत सहमतिमा स्थानीय तहको सिफारीस समेत संलग्न राखी मन्त्रालयमा वा तोकिएको कार्यालय मार्फत पेश गर्न सकिनेछ । प्रस्तावको साथमा पेश हुने परियोजनाको अधिकारप्राप्त निकायबाट ड्रइङ डिजाइन र लागत अनुमानमा कार्यक्रम सञ्चालनको व्यवस्थापकीय तथा अनुगमन कार्यका लागि नियमानुसारको कन्टिन्जेन्सी खर्च समेत समावेश गरी पेश गर्नु पर्नेछ । (२) परियोजना प्रस्तावको ढाँचा अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

<u>४ (क). प्रस्ताव योग्य हुने अवस्था :</u> (१) देहायका अवस्था नभएको तथा कागजातहरु पेश नगरेको होमस्टेहरुको प्रस्तावहरु मुल्याङ्कनका लागि योग्य हुने छैनन् ।

(क) कम्तीमा १० वटा घरवासहरु जोडिएर बनेको सामुदायिक होमस्टे हुनु पर्ने र सबै घरवास सदस्यहरुको सर्वसम्मत निर्णयको प्रतिलिपि प्रस्तावसाथ पेश गर्नु पर्नेछ ।

(ख) सामुदायिक होमस्टे दर्ता प्रमाणपत्र र नवीकरण गर्नु पर्ने भएमा नवीकरण गरेको प्रमाण ।

(ग) सामुदायिक होमस्टेको नाममा रहेको पान नं को प्रमाणपत्र ।

५. <u>प्रस्ताव मूल्याङ्कन गर्नेः</u> (१) मन्त्रालयले प्राप्त हुन आएका परियोजना प्रस्तावहरुको मूल्याङ्कनको लागि लागि देहाय बमोजिमको एक समिति गठन गर्नेछः

| | |
|---|---|
| (क) मन्त्रालयको पर्यटन हेर्ने महाशाखा प्रमुख | संयोजक |
| (ख) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (ग) भौतिक पूर्वाधार विकास मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (घ) प्रदेश लेखा नियन्त्रक कार्यालयको अधिकृत प्रतिनिधि | सदस्य |
| (ङ) मन्त्रालयको कानून अधिकृत | सदस्य |
| (च) पर्यटन शाखाको अधिकृत | सदस्य-सचिव |

(२) मन्त्रालयले सार्वजनिक सूचना आव्हान गरे बमोजिम प्राप्त हुन आएका सबै प्रस्तावहरु मूल्याङ्कन समितिमा पठाउनेछ ।

(३) समितिले प्रस्तावहरुको मूल्याङ्कन गर्न आवश्यकता अनुसार उप-समिति गठन गर्न सक्नेछ ।

(४) मन्त्रालयले अनुसूची-३ को अधीनमा रही मूल्याङ्कनका आधारहरु तथा सहायक आधारहरु बमोजिम प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(५) होमस्टेको क्षमता अभिवृद्धि, सशक्तिकरण तथा पुर्वाधार विकासका लागि परियोजना प्रस्ताव मूल्याङ्कन गर्दा प्रदेश नीति तथा योजना आयोग एवम् उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयबाट स्थलगत रुपमा गरेको अनुगमनको प्रतिवेदनलाई समेत आधार मान्न सकिनेछ ।

(६) प्रस्ताव मूल्याङ्कन सम्वन्धि अन्य कार्यविधि समिति आफैले तय गरे बमोजिम हुनेछ ।

६. <u>प्रस्तावको स्वीकृतिः</u> (१) मूल्याङ्कन समितिले मूल्याङ्कन गरी पेश गरेका परियोजना प्रस्तावहरु मन्त्रालयले स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृत भएका परियोजनाको जानकारी प्रस्ताव पेश गर्ने होमस्टे समितिलाई ७ दिन भित्र दिईनेछ ।

७. <u>परियोजना कार्यान्वयन सम्बन्धि सम्झौताः</u> (१) होमस्टे व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७६ को दफा ९ अनुसार गठित समितिले उपभोक्ता समितिको कार्य समेत गर्नेछ ।

(२) स्वीकृत परियोजनाको कार्यान्वयनको लागि उपदफा (१) बमोजिमको समितिसंग मन्त्रालय वा मन्त्रालयले तोकेको कार्यालयले दिएको जानकारी दिएको ७ दिन भित्र सम्झौता गर्नु पर्नेछ । (३) तोकिएको अवधिमा सम्झौता गर्न नआएमा योग्यताक्रममा रहेका अन्य प्रस्तावकहरुलाई सूचना दिई सम्झौता गर्न सकिनेछ ।

(४) उपदफा (१) बमोजिमको सम्झौतामा परियोजना कार्यान्वयन अवधि, लागत तथा कार्य सञ्चालनका अन्य शर्तहरु समावेश गर्न सकिनेछ ।

(५) परियोजना स्वीकृति र सम्झौता पश्चात्त परियोजना सञ्चालनको लागि तोकिएको रकमको ३० प्रतिशत सम्वन्धित होमस्टेको खातामा उपलब्ध गराइनेछ ।

(६) परियोजनाको कार्य प्रगतिको प्राविधिक मूल्याङ्कनका आधारमा बाँकी रकम उपलब्ध गराइनेछ ।

(७) समिति मार्फत निर्माण गरिने कार्यक्रमहरु कार्यान्वयन गर्दा उक्त योजनाको लागि विनियोजन भएको (कन्टेन्जेन्सि बाहेकको) रकमको कम्तीमा १० प्रतिशत बराबरको श्रम कार्य वा निर्माण सामाग्री वा सो बराबरको रकम समितिको तर्फबाट योगदान गर्नु पर्नेछ ।

(८) होमस्टेमा पूर्वाधार विकास सम्बन्धि स्वीकृत भएका परियोजनाहरुका लागि सम्वन्धित स्थानीय तह तथा विभिन्न सरकारी तथा गैह्रसरकारी संस्थाले समेत लागत सहभागिता गर्न सक्नेछन् ।

८. <u>कार्यक्रम सञ्चालनः</u> (१) परियोजना प्रस्ताव स्वीकृत भै सम्झौता गरेको १५ दिन भित्र समितिले कार्य प्रारम्भ गर्नु पर्नेछ ।

(२) समितिले सम्झौता अनुसार तोकिएको प्राविधिक तथा वातावरणीय सन्दर्भमा तोकिएको गुणस्तरको साथै सम्झौतामा उल्लेखित शर्त बमोजिम समयभित्र कार्यक्रम सम्पन्न गर्नु पर्नेछ ।

(३) समितिले सम्झौतामा उल्लेखित अवधिभित्र कार्य सम्पन्न गरी पेश्की फर्छ्यौट सहित अन्तिम किस्ताको भुक्तानी माग गर्नु पर्नेछ ।

(४) कुनै समितिले प्रस्तावमा उल्लेखित अवधिभित्र कार्य सम्पन्न गर्न नसक्ने भएमा मनासिव कारण खुलाई होमस्टे परियोजना सञ्चालन गर्ने कार्यालय समक्ष म्याद थप गर्न निवेदन दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेकोमा कारण मनासिव देखिएमा होमस्टे परियोजना सञ्चालन गर्ने कार्यालयले आर्थिक वर्षलाई समेत ध्यानमा राखि बढीमा एक महिनासम्मको म्याद थप गर्न सक्नेछ ।

(६) कार्यक्रमको अनुगमन मन्त्रालय वा मन्त्रालय अन्तर्गतका निकायहरुबाट गराउन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम अनुगमनको क्रममा दिएको लिखित निर्देशन पालना गर्ने जिम्मेवारी समितिको हुनेछ ।

(८) प्रस्ताव मूल्याङ्कन समितिले होमस्टे सशक्तिकरण, क्षमता अभिवृद्धि तथा पुर्वाधार विकासको आयोजना कार्यक्रम सिफारिस गर्दा प्रदेश सरकारको विदा पर्यटनको प्रतिवेदनलाई समेत ख्याल गर्नु पर्नेछ ।

(९) यस्ता कार्यक्रम सञ्चालन गर्दा तथा सहभागी छनौट गर्दा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आधारमा गराउनु पर्नेछ ।

(१०) कार्यक्रम सम्पन्न भएपछि हरेक तालिम/गोष्ठीको विस्तृत विवरणहरु जस्तै स्थान, सहभागिको संख्या, सहभागीको औचित्यताका साथै कार्यक्रमको प्रभावकारिता सम्वन्धि पृष्ठपोषण समेत उल्लेख भएको प्रतिवेदन तयार गरी कार्यक्रम हेर्ने कार्यालयमा पेश गर्नु पर्नेछ ।

९. <u>सञ्चालित कार्यक्रमको सुपरिवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनः</u> (१) होमस्टेसंग सम्वन्धित सरोकारवालहरुलाई समेटिएको तपसिल बमोजिमको अनुगमन तथा मूल्याङ्कन समितिले

आवश्यकता अनुसार सञ्चालित कार्यक्रम, होमस्टे व्यवस्थापन तथा होमस्टे सञ्चालक समितिका कार्यहरु तथा होमस्टेका मापदण्डहरुको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नेछ ।

| | |
|---|---|
| क) मन्त्रालयको पर्यटन हेर्ने महाशाखा प्रमुख | संयोजक |
| ख) होमस्टे परियोजना सञ्चालन गर्ने कार्यालयको प्रमुख वा अधिकृत प्रतिनिधि | सदस्य |
| ग) आर्थिक मामिला तथा योजना मन्त्रालयको अधिकृत प्रतिनिधि | सदस्य |
| घ) सम्वन्धित स्थानीय तहको अधिकृत प्रतिनिधि | सदस्य |
| ङ) सम्वन्धित वडाको अध्यक्ष वा निजले तोकेको वडा सदस्य | सदस्य |
| च) सामुदायिक होमस्टे एशोसियसन नेपालका प्रमुख वा प्रतिनिधि | सदस्य |
| छ) पर्यटन शाखा प्रमुख | सदस्य-सचिव |

(२) अनुगमन तथा मूल्याङ्कनका लागि अनुसूची-४ बमोजिमको फारम प्रयोग गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम गरिने अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम बुझाउने प्रतिवेदनको ढाँचा अनुसूची-५ बमोजिमको हुनेछ ।

(५) अनुगमन गर्दा प्रस्तावमा उल्लेखित समयमा कार्य सम्पादन नगरेमा वा रकमको दुरुपयोग गरेको पाइएमा अनुगमन तथा मूल्याङ्कन समितिले त्यस्ता समितिको बैंक खाता रोक्का गरी सम्पन्न भएका कार्यहरुको मात्र भुक्तानी फरफारक गरी बाँकी अवधि तथा कार्यका लागि सम्झौता रद्द गर्न सिफारिस गर्न सक्नेछ ।

(६) माथि जुन सुकै कुरा लेखिएको भएता पनि स्वीकृत कार्यक्रम तथा बजेट अनुसारको कामको कार्यान्वयनको क्रममा र कार्य सम्पन्न भएपछि कार्यक्रम हेर्ने कार्यालयले नियमित अनुगमन, निरीक्षण, सहजिकरण तथा पृष्ठपोषण गर्नु पर्नेछ ।

१०. <u>रकमको सीमाः</u> (१) परियोजनालाई दिइने रकम पूर्वाधार निर्माण कार्यको लागि बढीमा १५ लाखसम्म हुनेछ तर स्वीकृत भई कार्यान्वयनमा रहेका अधुरा परियोजनाहरुलाई थप रकम उपलब्ध गराउँदा होमस्टेको आवश्यकता, प्रगती, अनुगमन र समितिको सिफारिस लगायतका पक्षहरुमा विश्लेषण गरी सुरुमा यस दफा बमोजिमको माथिल्लो सीमाभन्दा कम अनुदान दिइएको अवस्थामा यस उपदफा बमोजिमको माथिल्लो सीमा ननाघ्ने गरी थप अनुदान उपलब्ध गराउन सकिनेछ ।

(२) होमस्टे क्षमता अभिवृद्धि तथा सशक्तीकरण कार्यक्रम सञ्चालनका लागि होमस्टेहरुले पेश गरेको प्रस्तावका आधारमा क्षमता अभिवृद्धि कार्यक्रमका क्रियाकलापहरु पहिचान गरी एकीकृत रुपमा मन्त्रालयले कार्यक्रम सञ्चालन गर्न वा गराउन सक्नेछ । क्षमता अभिवृद्धि तथा सशक्तीकरण कार्यक्रमको मात्र प्रस्ताव पेश भएकोमा त्यस्ता होमस्टेलाई रकम उपलब्ध गराइनेछैन ।

(२) परियोजना चालु आ.व. भित्र सम्पन्न गर्न सकिने प्रकृतिको हुनु पर्नेछ ।

११. संशोधन तथा हेरफेरः मन्त्रालयले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

१२. बाधा अड्काउ फुकाउने अधिकारः यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा मन्त्रालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१३. खारेजी तथा बचाउः (१) होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पुँजिगत अनुदान दिने सम्वन्धि कार्यविधि, २०७५ बमोजिम भए गरेको काम कारवाही यसै कार्यवधि बमोजिम भएको मानिनेछ ।

(२) होमस्टेमा पर्यटन विकास तथा पूर्वाधार व्यवस्थापन गर्न पुँजिगत अनुदान दिने सम्वन्धि कार्यविधि, २०७५ खारेज गरिएको छ ।

## अनुसूची – १
(दफा ४ को उपदफा (१) सँग सम्वन्धित)

**(क) होमस्टेमा पूर्वाधार विकास कार्यहरुः**

"होमस्टेमा पूर्वाधार निर्माण कार्यहरु" भन्नाले होमस्टे सञ्चालन तथा प्रवर्द्धनसँग सम्वन्धित पर्यटक सूचना केन्द्र, सामुदायिक भवन, बहुउद्देश्यीय भवन, सार्वजनिक सभागृह, प्रदर्शनी स्थल, हस्तकला केन्द्र, कोशेली घर, सौगात गृह, साँस्कृतिक संग्रहालय, सार्वजनिक पुस्तकालय, पार्क र उद्यान, भ्युटावर, प्रवेशद्वार, पदमार्ग, ढुंगेमार्ग, फोहोरमैला प्रशोधन तथा व्यवस्थापन प्लान्ट, स्वच्छ खानेपानीको प्रवन्ध, ढल व्यवस्थापन, इन्टरनेट, टेलिफोन वा विद्युत सुविधा, सामुदायिक होमस्टे भवनका लागि फर्निचर र फर्निसिङ जस्ता निर्माण कार्यहरु पेश गर्न सकिनेछ ।

**(ख) होमस्टेमा सशक्तिकरण तथा क्षमता अभिवृद्धि सम्वन्धि कार्यहरुः**

होमस्टे व्यवस्थापन सम्वन्धि तालिमहरु, सामुदायिक घरबास सञ्चालनसंग सम्वन्धित दोभासेका लागि स्थानीय, अंग्रेजी तथा अन्य भाषा तालिम, सामुदायिक स्वास्थ्य तथा सरसफाई कार्यक्रम, दलित तथा महिला क्षमता अभिवृद्धि, कोष निर्माण तथा परिचालन, कार्यक्रम प्रस्ताव तयारी, सामाजिक सद्भभाव अभिवृद्धि कार्यहरु, सामुदायिक आचार संहिता पालना, नेचर गाईड, सामाजिक तथा होमस्टे सञ्जालीकरण तथा प्याकेज निर्माण सम्वन्धि कार्यहरु, तालिम, स्थानीय कला, संस्कृति, भाषा, गीत, संगीत, नृत्य, भेषभुषा संरक्षण तथा विकास, स्थानीय वस्तु तथा सेवाको उत्पादन, व्यवसायिक लोकल कुखुरापालन, मौरी पालन, वाख्रापालन, हस्तकला, काष्ठकला, च्याउ खेती, दुना टपरी बुन्ने, अचार बनाउने, टनेल सागसब्जी खेती, मसला उत्पादन, स्थानीय रैथाने र परम्परागत प्रजातिको कृषि, फलफुल तथा सागसब्जी संरक्षण, अर्गानिक तरकारी खेती, व्यवसायिक तरकारी खेती, परम्परागत तथा चाडपर्व अनुसारका पक्वान्न परिकार बनाउने जस्ता वा यस्तै प्रकृतिका होमस्टे पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने किसिमका साँस्कृतिक, पुरातात्विक, प्राकृतिक, पर्यावरणीय महत्वका विषयहरुको संरक्षण, प्रवर्द्धन र दिगो उपयोग गर्ने तथा स्थानीय उत्पादन अभिवृद्धि, विकास र पुनर्स्थापना मार्फत पर्यटन विकास तथा स्थानीय समुदायहरुको आयआर्जनमा वृद्धि गर्ने जस्ता कार्य एवम् होमस्टे समुदायहरुलाई आवश्यकता अनुसार रेकर्ड किपिङ तथा लेखा व्यवस्थापन तालिम सञ्चालन लगायत पर्यटन विकास तथा प्रवर्द्धन संग सम्वन्धित प्राविधिक विषयवस्तु पेश गर्न सकिनेछ ।

अनुसूची – २

(दफा ४ को उपदफा (२) संग सम्वन्धित)

<u>परियोजना प्रस्तावको ढाँचा</u>

भाग १ संस्थागत विवरणः

(क) नामः

(ख) ठेगानाः

इमेलः टेलिफोनः

(ग) दर्ता भएको स्थान, मिति र दर्ता नं.

(घ) नविकरण मितिः

(ङ) सम्पर्क व्यक्तिको नामः पदः

इमेलः टेलिफोनः

भाग २ परियोजनाको संक्षिप्त विवरणः

(क) परियोजनाको नामः

(ख) परियोजना सञ्चालन हुने स्थानः

(ग) परियोजनाको जम्मा बजेटः

(घ) माग गरिएको रकमः

(ङ) अन्य साझेदारी भए साझेदारको नाम र ठेगानाः

(च) साझेदारको लगानी रकमः

(छ) परियोजनाको अवधिः

(ज) परियोजना उद्देश्यहरुः

(झ) प्रस्तावित मुख्य क्रियाकलापहरु र परिमाणः

(ञ) परियोजनाबाट प्राप्त हुने अपेक्षित उपलब्धिः

भाग ३ परियोजनाको विस्तृत विवरणः

(क) कार्ययोजनाः

पूर्वाधार विकास

| क्र.सं. | क्रियाकलाप | समय (हप्ता वा महिना) | | | | | जिम्मेवार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

(ख) (युवा जनशक्तिको उपलब्धता (होमस्टे सञ्चालन हुने घरमा १८-४० वर्ष उमेर समूहका)

(ग) संस्थागत विवरण (कर्मचारी, साधन, श्रोत, कार्यालय, आदि)

(घ) बैंकको नाम र खाता नंबरः

(ङ) प्रस्तावित परियोजनाको बजेटः

| क्र.सं. | विवरण | | इकाई | परिमाण | दर | रकम जम्मा | संस्थाको योगदान | माग गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | पूर्वाधार विकास सम्वन्धि | क्षमता अभिवृद्धि तथा सशक्तिकरण सम्वन्धि | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(च) होमस्टेको व्यवस्थापकीय पक्ष

- भवन तथा बेडको संख्या ..................................
- स्थानीय उत्पादनको प्रयोग.................................
- जनशक्ति प्रयोगको अवस्था................................
- साँस्कृतिक पक्षको जगेर्ना....................................
- आगन्तुकको संख्या तथा वार्षिक आम्दानी............................
- लेखापरिक्षण.............................
- नियमित बैठक.............................
- बगैचा तथा आन्तरिक सजावट आदि.........................

(छ) समावेशीता

- युवा
- महिला
- जनजाती
- दलित
- पिछडिएको वर्ग आदि)

(ज) वातावरणमैत्री प्रस्ताव

- हरियालीको विकास
- सरसफाई
- भुक्षय नियन्त्रण
- पानीको स्रोतको संरक्षण

- बगैचा
- प्रदुषण नियन्त्रणका उपायहरु

(झ) पर्यटन पूर्वाधार विकासमा स्थानीय श्रोत तथा साधनको प्रयोग (ढुंगा, माटो, काठ, बाँस लगायतका वस्तु) (लागत अनुमान अनुसार)

(ञ) नविन अवधारणा सहितका कार्यक्रम/पर्यटकीय सम्भाव्यता

(ट) पर्यटकीय गतिविधिहरुको विवरण (मेला, महोत्सव, प्रतियोगिता आदि)

प्रस्तावकको तर्फबाट हस्ताक्षर तथा छाप

हस्ताक्षर.......................................

नाम............................................

ठेगाना.........................................

होमस्टेको नाम...................................

## अनुसूची – ३

## (दफा ५ को उपदफा (५) संग सम्वन्धित)

<u>परियोजना प्रस्ताव मूल्याङ्कनको आधार</u>

**(क) <u>मुल्याङ्कनका आधारहरु</u>**

१. लागत सहभागिता — १० अंक
२. व्यवस्थापकीय पक्ष — २० अंक
३. वातावरणमैत्री तथा सरसफाई — २० अंक
४. स्थानीय सामाग्री ,सीप र कलाको प्रयोग — ३० अंक
५. पर्यटकीय गतिविधिहरु — २० अंक

**(ख) मुल्याङ्कनका सहायक आधारहरु**

| मुख्य आधार | अंक भार | सहायक आधार | अंक भार |
|---|---|---|---|
| लागत सहभागिता | १० | कम्तिमा १० प्रतिशत लागत भएमा | ८ |
| | | स्थानीय तहको समेत कम्तिमा लागत सहभागिता १० प्रतिशत भएमा | २ |
| व्यवस्थापकीय पक्ष | २० | होमस्टेको मापदण्ड पूरा भएको । | ५ |
| | | समावेशिता | ३ |
| | | आतिथ्यता र कोशेली | ४ |
| | | सुरक्षा, सूचना र संचार | ४ |
| | | खानाको मेनु तथा सांस्कृतिक कार्यक्रम | ४ |
| वातावरणमत्री तथा सरसफाइ | २० | हरियाली तथा बगैंचा | ५ |
| | | फोहोरमला व्यवस्थापन र प्रशोधन | ५ |
| | | वातावरणमैत्री उर्जा प्रयोग | ५ |
| | | सरसफाइ तथा आन्तरिक सजावट | ५ |
| स्थानीय सामाग्रीको प्रयोग | ३० | स्थानीय अर्गानिक खानाको प्रयोग | ६ |
| | | होमस्टेमा रहेका कृषि फार्म र उत्पादन | ६ |
| | | होमस्टे भौतिक संरचना निर्माणमा स्थानीय सामाग्रीको प्रयोग | ६ |
| | | स्थानीय श्रमको प्रयोग | ६ |
| | | स्थानीय कला र सिपको प्रयोग | ६ |
| पर्यटकीय गतिविधि | २० | आसपासमा प्रमुख पर्यटकीय गन्तव्य भए | ८ |
| | | मेला जात्रा महोत्सव हुने गरेमा | ६ |
| | | विभिन्न प्रतियोगिता/ साहसिक पर्यटकीय गतिविधि | ६ |
| जम्मा | १०० | | १०० |

अनुसूची – ४

(दफा ९ को उपदफा (२) संग सम्वन्धित)

अनुगमन तथा मूल्याङ्कन फारम

(क) परियोजनाको नामः

(ख) कार्यान्वयन गर्ने संस्था/समिति

(ग) परियोजना स्थलः

(घ) कुल बजेटः

मन्त्रालयबाट प्राप्त रकमः समितिको योगदानः अन्य संस्थाबाट प्राप्तः

(ङ) बजेट उपलब्ध गरिएको मितिः

प्रथम किस्ताः दोस्रो किस्ताः तेस्रो किस्ताः

(च) परियोजना शुरु मितिः सम्पन्न मितिः

(छ) परियोजना क्रियाकलाप र प्रगति सम्वन्धि तालिकाः

(ज) परियोजना कार्यान्वयनका क्रममा देखिएका समस्या समाधानका विकल्प र प्रयासहरुः

(झ) सुझावहरुः

(ञ) परियोजना कार्यान्वयन गर्ने संस्थाः

(ट) सुपरिवेक्षककोः

नामः हस्ताक्षरः

पदः मितिः

अनुसूची – ५

(दफा ९ को उपदफा (४) संग सम्वन्धित

अनुगमन तथा मूल्याङ्कन प्रतिवेदनको ढाँचा

(क) परियोजनाको नामः

(ख) कार्यान्वयन गर्ने संस्था/समितिः

(ग) परियोजना स्थलः

(घ) कुल बजेटः

मन्त्रालयबाट प्राप्तः समितिको योगदानः अन्य संस्थाबाट प्राप्तः

(ङ) परियोजना शुरु मितिः सम्पन्न मितिः

(च) समस्या र समाधानका उपायहरुः

परियोजना कार्यान्वयनका क्रममाः

परियोजना सम्पन्न भएपछि देखिएकाः

(छ) प्रमुख उपलब्धिहरुः

(ज) सुझावहरुः

सवल पक्षहरुः

सुधार्नु पर्ने पक्षहरुः

चुनौतिहरुः

सम्भावनाहरुः

(झ) अनुगमन तथा मूल्याङ्कनकर्ताः

नामः हस्ताक्षरः

पदः मितिः

# अनुसूची-६

गण्डकी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

## होमस्टे परियोजना सम्झौता फारम

१. सम्झौता गर्ने पक्ष र परियोजनाः

(क) होमस्टे सञ्चालक समितिको विवरणः

१) नामः

२) ठेगानाः

(ख) परियोजनाको विवरण

१. परियोजनाको नामः

(क)

(ख)

(ग)

२. परियोजना स्थलः

३. परियोजनाको उद्देश्यः

४. परियोजना शुरु हुने मितिः

२. परियोजनाको लागत सम्वन्धी विवरणः

(क) लागत अनुमान रु.

(ख) लागत व्यहोर्ने स्रोतहरुः

१. पर्यटन कार्यालयः

२. होमस्टे सञ्चालक समितिः

३. अन्यः

३. होमस्टे सञ्चालक समितिको विवरणः

(क) होमस्टे स्थापना भएको मितिः

(ख) होमस्टे नविकरण भएको पछिल्लो मितिः

४. होमस्टे परियोजना सञ्चालक समितिले प्राप्त गर्ने रकम विवरणः

| क्र.सं. | किस्ता | मिति | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पहिलो (३०%) | | | |
| २ | दोस्रो | | | |
| ३ | अन्तिम | | | |
| जम्मा | | | | |

(दोस्रो र अन्तिम किस्ता कामको प्रगति र आवश्यकता अनुसार भुक्तानी गर्ने)

५. <u>उपभोक्ता समितिको जिम्मेवारी तथा पालना गरिने शर्तहरु:</u>

१) होमस्टे परियोजना मिति.......................... देखि शुरु गरी मिति ................. सम्ममा पुरा गर्नु पर्नेछ ।

२) होमस्टेहरुले पेश गरेका परियोजना प्रस्तावहरु कार्यान्वयनका लागि जमिन आवश्यक पर्ने अवस्थामा होमस्टे समुदायको नाममा जमिनको स्वामित्त्व प्राप्त भएको हुनु पर्ने वा कुनै सार्वजनिक जग्गामा संरचना बनाउन पर्ने भएमा सम्वन्धित स्थानीय तहको निर्णय सहित सिफारिस भएको हुनु पर्नेछ ।

३) प्राप्त रकम तथा निर्माण सामाग्री सम्वन्धित परियोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्नु पर्नेछ ।

४) नगदी जिन्सी सामानको प्राप्ती, खर्च र बाँकी तथा परियोजनाको प्रगति विवरण राख्नुपर्नेछ ।

५) आम्दानी खर्चको विवरण र कार्यप्रगतिको जानकारी होमस्टे सञ्चालक समितिमा छलफल गरी भुक्तानीको लागि माग गर्नु पर्नेछ ।

६) परियोजनाको कुल लागत भन्दा घटि लागतमा परियोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै अनुदान र होमस्टे समुदायको लागत सहभागिताको प्रतिशत निर्धारण गरी भुक्तानी लिनु पर्नेछ ।

७) होमस्टे सञ्चालक समितिले प्राविधिक तथा अनुगमन टोलीको राय परामर्श एवं निर्देशन अनुरुपको काम गर्नुपर्नेछ ।

८) होमस्टे सञ्चालक समितिले परियोजनासंग सम्वन्धित विल भरपाईहरु, डोर हाजिरी फारमहरु, जिन्सी, नगदी खाताहरु, समिति/समूहको निर्णय पुस्तिका आदि कागजातहरु कार्यालयले माग गरेको वखत उपलब्ध गराउनु पर्नेछ र त्यसको लेखापरिक्षण पनि गराउनु पर्नेछ ।

९) कुनै सामाग्री खरिद गर्दा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर र मूल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र व्यक्ति वा फर्म संस्था वा कम्पनीबाट खरिद गरी सोही अनुसारको बिल भरपाई आधिकारिक व्यक्तिबाट प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

१०) मूल्य अभिवृद्धि कर (VAT) लाग्ने वस्तु तथा सेवा खरिद गर्दा रु. २०,००० भन्दा बढी मूल्यको सामाग्रीमा अनिवार्यरुपमा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्नेछ । साथै उक्त बिलमा उल्लेखित मू.अ. कर बाहेकको रकममा १.५ प्रतिशत अग्रीम आयकर वापत कर कट्टी गरी बाँकी रकम मात्र सम्वन्धित सेवा प्रदायकलाई भुक्तानी हुनेछ । रु. २०,००० भन्दा कम मुल्यको सामाग्री खरिदमा पान नं. लिएको व्यक्ति वा फर्मबाट पनि खरिद गर्न सकिनेछ, अन्यथा खरिद गर्ने पदाधिकारी स्वयम् जिम्मेवार हुनेछ ।

११) सम्झौता बमोजिम आयोजना सम्पन्न भएपछि अन्तिम भुक्तानीको लागि कार्य सम्पन्न प्रतिवेदन,, प्रमाणित भरपाई, योजनाको फोटो, सम्वन्धित सञ्चालक समितिले परियोजना सञ्चालन गर्दा भएको आय व्ययको अनुमोदन सहितको निर्णय, सञ्चालको समितिको भेलाबाट भएको सार्वजनिक लेखा परिक्षणको निर्णयको प्रतिलिपि सहित अन्तिम किस्ता भुक्तानीको लागि निवेदन पेश गर्नु पर्नेछ ।

१२) परियोजना सम्पन्न भए पछि कार्यालयबाट जाँचपास गरी फरफारकको प्रमाणपत्र लिनुपर्नेछ ।

१३) परियोजनाको सबै काम प्राविधिकको राय सल्लाह बमोजिम सञ्चालक समिति/समूहको निर्णय अनुसार गर्नु गराउनु पर्नेछ ।

६. <u>कार्यालयको जिम्मेवारी तथा पालना गरिने शर्तहरु:</u>

१. परियोजनाको प्राविधिक सुपरिवेक्षणका लागि कार्यालयको तर्फबाट प्राविधिक खटाइनेछ । सञ्चालक समितिबाट भएको कामको नियमित सुपरिवेक्षण गर्ने जिम्मेवारी निज प्राविधिकको हुनेछ ।

२. परियोजना सम्पन्न भएपछि कार्यालयबाट जाँचपास गरी फरफारक गर्नु पर्नेछ ।

३. आवश्यक कागजात संलग्न गरी भुक्तानी उपलब्ध गराउन सम्वन्धित सञ्चालक समितिबाट अनुरोध आएपछि सञ्चालक समितिलाई बैंक खाता मार्फत भुक्तानी दिनु पर्नेछ ।

४. यसमा उल्लेख भए बमोजिमका शर्तहरु पालना गर्न हामी निम्न पक्षहरु मञ्जुर गर्दछौं ।

| <u>सञ्चालक समिति/ समूहको तर्फबाट</u> | <u>कार्यालयको तर्फबाट</u> |
|---|---|
| दस्तखतः ................................ | दस्तखतः ............................. |
| नामथरः ................................... | नामथरः.............................. |
| पदः ............................................ | पदः...................................... |
| ठेगानाः ....................................... | ठेगानाः ................................. |
| सम्पर्क नं. ............................... | सम्पर्क नं. .............................. |
| मितिः ...................................... | मितिः ...................................... |